## कार्यकारी समितिको (मिति २०७४/०४/१७) ७६ औँ बैठकका निर्णयहरु।

१. निजी आवासका लागि प्रथम किस्ता प्राप्त गरी मापदण्ड अनुसार प्लिन्थ तहसम्म निर्माण कार्य सम्पन्न गरेका दोस्रो किस्ताका लागि योग्य लाभग्राहीहरुलाई गाउँपालिका/नगरपालिकाको सिफारिशमा र स्थानीय तहले जिम्मा लिने गरी ५ महिनाभित्र घर सम्पन्न गर्ने शर्तमा तेस्रो किस्ता पेश्की स्वरुप उपलब्ध गराउने सम्बन्धमा अर्थ मन्त्रालयको सहमति लिई कारवाही अगाडि बढाउने ।

२. यस प्राधिकरणबाट भौगर्भिक अध्ययन सम्बन्धी फिल्ड कार्य सम्पन्न भएका र अब हुने भौगर्भिक अध्ययन गर्न, गराउनका लागि कार्यकारी समितिका सदस्य ध्रुव प्रसाद शर्माको संयोजकत्वमा देहाय बमोजिमको उपसमिति गठन गर्ने ।

**तपशिल**

| | |
|---|---|
| कार्यकारी समिति सदस्य श्री ध्रुव प्रसाद शर्मा | - संयोजक |
| सह-सचिव श्री प्रकाश थापा | - सदस्य |
| सि.डि.ई. श्री मीरा ज्ञवाली के.आ.का.ई.(शहरी विकास मन्त्रालय) | - सदस्य |
| उप-सचिव श्री कमल घिमिरे, रा.पु.प्रा. | - सदस्य सचिव |

बैठकमा कार्यकारी समितिका सदस्य, सम्बन्धित विज्ञ तथा अन्य पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ

**कार्यविधिगत शर्तहरु**

क. विभिन्न जिल्लाहरुबाट भूकम्पबाट प्रभावित भनी भौगर्भिक अध्ययनको लागि माग भई आएकोमा अब उप्रान्त केन्द्रीय दैवी प्रकोप उद्धार समिति वा गृह मन्त्रालयबाट वा प्राधिकरणका पदाधिकारीहरूले स्थलगत भ्रमण गरी पेश गरेको प्रतिवेदनबाट वा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतबाट अध्ययनको लागि आदेश गरेको वस्तीहरुको भौगर्भिक अध्ययन गर्ने, गराउने ।

ख. जोखिमयुक्त वस्ती स्थानान्तरण तथा पुनर्स्थापना सम्बन्धी कार्यविधि एवं मापदण्डमा भएको व्यवस्था बमोजिमको कार्य गरी, गराई कार्यकारी समितिसमक्ष पेश गर्ने ।

ग. भौगर्भिक अध्ययन प्रतिवेदन अनुसार जोखिममा रहेका भनी सूचीकृत बस्तीहरूको प्राप्त भौगर्भिक अध्ययन प्रतिवेदन बाट लाभग्राही भनी यकिन देखिएका घरपरिवारको सूची यस अगाडिको सर्वेक्षणको क्रममा लाभग्राही सूचीमा परे, नपरेको वा उक्त बस्तीको घरधुरी सर्भेक्षणको क्रममा घरमूलीको रुपमा सूचीकृत भएका घरधनीहरूको विवरण प्राधिकरणको MIS शाखाबाट भिडाई लाभग्राहीको रूपमा सूचीकृत गर्न सकिने देखिएमा कार्यकारी समितिसमक्ष पेश गर्ने । तर गुनासो दर्ता गरेका वा धरधुरी सर्वेक्षणमा छुटेका घरधनीहरूको हकमा गुनासो फछ्र्यौट भए पश्चात वा स्थानीय तहको सिफारिशमा मात्र आवश्यक कारवाही अगाडि बढाउने ।

सचिव

# कार्यकारी समितिको (मिति २०७४/०४/१८) ७७औं बैठकका निर्णयहरु

नेपाल सरकार राष्ट्रिय पुनर्निर्माण प्राधिकरण सिंहदरबार, काठमाडौं, २०७२

## निर्णय नं. १

गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि २०७२, दफा (९) बमोजिम सिफारिस भई भएका देहाय बमोजिमका पुनर्निर्माण सँग सम्बन्धित परियोजनाहरु सम्बन्धित निकायले तोकेको मापदण्ड भित्र रही संचालन गर्न स्वीकृत दिने ।

अनुसूचि १

| क्र.सं. | संस्थाको नाम | परियोजनाको नाम | परियोजनाको क्षेत्र | परियोजनाको विवरण | परियोजना कार्यान्वयन हुने स्थान | राय परामर्शकर्ता हुने स्थान | राय परामर्श कर्ता | बजेट | | | परियोजना अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रशासनिक | कार्यक्रम | जम्मा | | |
| १ | Oxfam Nepal | Earthquake Response Program | आवास र जीबिकोपार्जन | ➢ प्राविधिक सहयोग (६ वटा जिल्लाका १५ गाँउ पालिका)<br>➢ टपअप सहयोग २०० घरधुरी<br>➢ Plumbing तालिम ३०० जना<br>➢ WASH<br>• (८४ खानेपानी योजना)<br>• सार्बजनिक शौचालय निर्माण सहयोग २४ (बिद्यालय, स्वास्थ्यचौकी)<br>➢ जीबिकोपार्जन<br>• उत्पादन मूलक संरचना ७० वटा ( साना सिचाइ, संकलन केन्द्र)<br>• उत्पादक समूहको क्षमता बिकास २३१ समूह<br>• सहकारी सदस्यहरुको उद्यम बिकास सहयोग ५३ वटा समूह | काठमाडौं, ललितपुर, सिन्धुपाल्चोक, गोरखा, धादिङ, नुवाकोट | ➢ बिज्ञ सदस्य डा. श्री हरिराम पराजुली<br>➢ बिज्ञ सदस्य डा. श्री बिष्णु बहादुर भण्डारी | २३,७३,४९,५९५।००<br>३०.०० प्रतिशत | १९,०१,२७,२७३।००<br>८०।०० प्रतिशत | १,२२,७४,७६,८६८।०० | १ बर्ष | | |
| २ | We World Onlus | शिक्षा तथा बाल संरक्षणमा सामुदायिक सहभागिता | शिक्षा | ➢ श्री भैर महादेब प्रा.बि. शंखरापुर ४ (१ कोठे बालबिकास कक्षा)<br>➢ श्री पोखरीचौर प्रा.बि. शंखरापुर १ (२ कोठे भवन)<br>➢ श्री देबी प्रा.बि. शंखरापुर ३ (१ कोठे बालबिकास कक्षा)<br>➢ भुमेश्वरी मा.बि. किउल १ (८कोठे भवन) | सिन्धुपाल्चोक र काठमाडौ | बिज्ञ सदस्य डा. श्री चन्द्र बहादुर श्रेष्ठ | ४,५०,०००।००<br>३ प्रतिशत | १,४८,७८,४६०।२७<br>१७।०० प्रतिशत | १,५३,२८,४६०।२७ | १ बर्ष | | |

सचिव

निर्णय नं.२

- पुनर्निर्माण कार्यलाई तिव्रता दिनको लागि भूकम्प प्रभावित वाहेकका जिल्लाहरुवाट समेत भाद्र मसान्तभित्र २०,००० जनशक्तिलाई तालिमको व्यवस्था गर्न कार्यक्रम तयार गर्ने ।
- डकर्मी तालिमलाई नेपालभर संचालन गर्न नेपाल सरकारका विभिन्न मन्त्रालय वा अन्तर्गत कार्यरत तालिम प्रदायक संस्थाहरुसँग समन्वय गरी कारवाही अगाडी बढाउने ।

निर्णय नं. ३

पुनर्निर्माण सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन विभिन्न जिल्लामा निर्माण व्यवसायीसँग समेत अन्तरक्रिया गर्नको लागि कार्यक्रम तयार गर्ने ।

सचिव

## कार्यकारी समितिको (मिति २०७४/०४/२५) ७८औं बैठकका निर्णयहरु

१. नेपाली पराम्परागत संस्कृति झल्कने गरी घरको नक्शा डिजाईनिङ्ग (विभिन्न जात जातीहरुको परम्परागत घर) गरी प्रचार प्रसार गर्ने ।

२. सडकमा विद्यमान प्रावधानबाट घर बनाउन समस्या भएकोले छोडनु पर्ने सडकको अधिकार क्षेत्र सम्बन्धमा मापदण्ड परिमार्जन गर्न सम्बद्ध पक्षहरुसँग छलफल गर्ने ।

३. भर्खरै मात्र नगरपालिकाहरु गठन भएको तर नक्शा पास, भूकम्प प्रतिरोधी मापदण्डका प्रक्रिया पुऱ्याउने क्षमता नभएकोले नगरपालिका सहित सम्बद्ध पक्षहरुसँग अन्तरक्रिया गरी निर्क्यौल निकाल्ने ।

४. साँखु, बुङ्गमती, खोकना, गोरखा दरबार सम्पदा क्षेत्र, नुवाकोट दरबार सम्पदा क्षेत्र एवं दोलखा भिमेश्वर मन्दिर क्षेत्रभित्र रहेका सम्पदा वस्तीमा करिब ३००० भूकम्प पीडित लाभग्राहीहरु रहेकोमा निजहरुले प्राचीन सम्पदा वस्तीको पुरानो स्वरुप झल्कने गरी पुनर्निर्माण गरेमा त्यस्ता लाभग्राहीहरुलाई स्थानीय तहको सिफारिशको आधारमा पुनर्निर्माण सम्पन्न भएपछि रु.५०,०००।-(पचास हजार रुपैया) प्रति लाभग्रही थप अनुदान उपलब्ध गराउन निर्देशक समितिको मिति २०७४/०३/२८ को निर्णयानुसार निर्देशन भए बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्ने ।

सचिव